मधेश प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
**कृषि ज्ञान केन्द्र**
राजविराज, सप्तरी

फोन नं. ९८५२८२०७६५
Email : akcsaptari@gmail.com, dadosaptari@gmail.com
website : www.akcsaptari.p2.gov.np

सूचना न. १६/२०८१/८२
प्रथम पटक प्रकाशित मिति २०८१।०९।११

# चैते धानवाली प्रवर्द्धन कार्यक्रमको लागि प्रस्ताव आवह्नानको सूचना

यस कृषि ज्ञान केन्द्रको आ.व. २०८१/२०८२ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार चैते धानवाली प्रवर्द्धन कार्यक्रम संचालन गर्नु पर्ने भएकोले जिल्ला भित्रका इच्छुक कृषक/कृषक समूह/ कृषि सहकारीहरुले यस कृषि ज्ञान केन्द्रमा यो सूचना प्रकाशित भएको मितिले २१ औं दिन भित्र अर्थात मिति २०८१।१०।०२ गते सम्म कार्यालय समय भित्र तपसिल बमोजिमका कागजातहरु फाइलमा संलग्न राखि प्रस्ताव/ आवेदन दर्ता गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ।रित्त नपुगेका र म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेश हुन नसक्ने ब्यहोरा समेत जानकारी गराईन्छ।प्रस्ताव/आवेदनका लागि Website: www.akcsaptari.p2.gov.np बाट लिन सकिन्छ।

**संलग्न गर्नु पर्ने कागजातहरुः-**

- रु १० को टिकट टाँस सहितको प्रस्ताव फारम।
- कृषकको हकमा आफु र आफ्नो परिवारको नाममा रहेको न्यूनतम १०कट्ठा, कृषक समुह र कृषि सहकारीको हकमा कम्तिमा १० बिघा जग्गा भएको धनि पुर्जा प्रतिलिपि वा लिजमा लिएको जग्गाको हकमा करारनामा/मन्जुरनामापत्र पेश गर्नु पर्ने।
- स्थानिय निकायमा रहेको कृषि विकास शाखा वा वडा कार्यालयको सिफारिसपत्र।
- संस्थाको पान न.,२०८०/८१ को कर चुक्ता र प्रमाण पत्रको प्रतिलिपि।
- कृषकको हकमा नागरिकता प्रमाणपत्रको प्रतिलिपि र कृषक समुह/ कृषि सहकारीको हकमा अध्यक्ष, कोषाध्यक्ष र सचिवको नागरिकताको प्रतिलिपि र फर्म कम्पनिको हकमा आवेदन गर्न अख्तियारी प्राप्त प्रतिनिधीको नागरिकता प्रमाण पत्रको प्रतिलिपि तथा अख्तियारी पत्र।
- कृषक समुह र कृषि सहकारीको हकमा आयोजना प्रस्ताव गर्ने सम्वन्धमा कार्यकारीणीको निर्णयको प्रतिलिपि।
- सम्बन्धित बालीको कार्ययोजना, लागत अनुमान र स्व-घोषणापत्र।
- गत विगत २ आ.व. भित्र यस ज्ञान केन्द्रबाट कुनै कार्यक्रम नपरेका (कृषक, कृषक समुह, कृषि सहकारी संस्था) लाई ग्राह्यता दिइने छ ।
- प्रस्ताव स्वीकृत गर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस ज्ञान केन्द्रमा निहित रहने छ।
- झूटो विवरण पेश गरेको प्रमाणित भएमा जुनसुकै वेला आवेदन/निवेदन रद्द हुने छ।
- थप जानकारीका लागि यस कृषि ज्ञान केन्द्र, सप्तरी र सूचना अधिकारी श्री रक्षा यादव (अधिकृत सातौं) को मोवाईल नं. ९८५२८२२७६५ मा सम्पर्क गर्न सकिने छ।

**अनुदानमा खर्च गर्न सकिने क्षेत्रहरु**

१ उत्पादन तथा उत्पादकत्व वृद्धि कार्यक्रम(उन्नत बीउ, प्रांगारिक मल, कृषि चुन, औजार तथा यन्त्र उपकरणहरु, साना सिंचाई र तालिम)

२ उत्पादनोप्रान्त प्रविधि तथा प्रशोधन कार्यक्रम (हार्भेष्टिङ्ग, ड्राईर, थ्रेसिङ्ग फ्लोर, ग्रेडर, प्रशोधन, गोदाम घर लगयतका उत्पादानोप्रान्त प्रविधि तथा पूर्वाधार निर्माण)

३ बजार प्रवर्द्धन कार्यक्रम (ढुवानी, संकलन केन्द्र निर्माण, वेईङ्ग/डिजिटल ब्यालेन्स यन्त्र उपकरण, डिजिटल मार्केटिंग)

नोटः- कृषकको हकमा बुँदा न. १ मात्र आवेदन दिन सकिने र समुह/सहकारीको लागि १,२,३ वटैमा मिल्ने।

२०८१।९।११
किसुन देव राउत
**नि. प्रमुख**